नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
HURON
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.न. ३६।०८१

मिति: २०८१/०७/०९

## न्याय प्रक्रियामा बाधा नपुऱ्याउन अपिल

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्व उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने उपर सहकारी ठगी सम्बन्धी मुद्दाको आरोप लागी अनुसन्धान भइरहेको समयमा उक्त पार्टीका नेता तथा जनप्रतिनिधिहरुले अनुसन्धान र अदालतलाई प्रभावित पार्ने उद्देश्यले गरेको सडक आन्दोलन र न्यायलय, न्यायमूर्तिहरु तथा अनुसन्धान गर्ने निकायका प्रमुखहरु समेत माथि विभिन्न सन्चार माध्यम तथा सामाजिक सन्जालबाट भइरहेको अनर्गल टिका टिप्पणी प्रति यस संगठनको गम्भीर ध्यान आकर्षित भएको छ ।

लोकतान्त्रिक प्रणाली र कानूनी शासन सुध्रिणीकरणका लागि लोकतन्त्रका संस्थागत संरचनाहरुको सम्मानका साथै भयरहित ढंगले काम गर्ने वातावरणको सुनिश्चिता गर्नु राजनैतिक दल र तिनका नेतृत्व तथा जनप्रतिनिधिहरुको नैतिक तथा संवैधानिक कर्तव्य हो ।

आरोपित व्यक्तिको अनुसन्धान भईरहदा उसको निर्दोषिताको दलिल सडक तथा सामाजिक सन्जालबाट पेश गर्ने, न्यायिक विवेकलाई प्रभावित पार्नको लागि जनदबाव श्रृजना गर्ने र अदालत तथा न्यायधीशहरुको अनर्गल टिप्पणी गर्ने कार्यले स्वतन्त्र न्यायपालिक, विधिको शासन, संवैधानिक सर्वोच्चता, मानवअधिकारको सम्मानमा आँच पुग्ने र निष्पक्ष न्याय निरुपणमा अवरोध खडा गराइएको छ भन्नेमा यो संगठन विश्वस्त छ ।

अत: आफूमाथि लागेको आरोपलाई उचित टुङ्गोमा पुऱ्याउन आरोपित लगायत सबैको जिम्मेवारी र आरोपको खण्डनका लागि वैधानिक प्रक्रियाहरु मात्र अवलम्बन गर्न तथा आफ्नो नियमित कार्य गरेकै भरमा न्यायलयलाई विवादमा नतान्न, पीडितहरु उपर सम्मान गर्न राष्ट्रिय स्वतन्त्र पार्टीका जिम्मेवार नेतृत्वहरुलाई र गैरकानूनी हर्कतहरुलाई नियन्त्रण गर्न नेपाल सरकार तथा सरोकारवाला सम्पूर्णमा यस संगठन हार्दिक अपिल गर्दछ ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं.९८५१०५८३६८